- चौध वर्षभन्दा मुनिका बालबालिकालाई श्रममा नलगाऔं।
- बालबालिकालाई श्रमिक बनाउनु कानूनी अपराध हो।
- बालबालिकालाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं।
- बालबालिकाको शारीरिक र मानसिक विकासमा सहयोग गरौं।

**बालश्रम उन्मूलन अभियानमा सहभागी बनौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० वैशाख ०३ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 April 16 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २२५

## ग्रामीण भेगमा मोटरसाइकल चोरीका घटनामा वृद्धि चोर गिरोहका दुईजना पक्राउ, पार्टपुर्जा बरामद



जीराभवानी गापा–२ सेढवाका सञ्जय दासको बाख्राखोरबाट बरामद चोरीको मोटरसाइकलका पार्टपुर्जा। तस्वीरः प्रतीक

प्रस, सेढवा, २ वैशाख/

प्रहरीले सुराकीका आधारमा गरेको कारबाईमा बिहीवार र शुक्रवार मोटरसाइकल चोरी गर्ने गिरोहका दुईजना चोरलाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौली र सेढवाको संयुक्त टोलीले कारबाई गरेको हो। पक्राउ पर्नेमा जीराभवानी गापा–५ का अजित चौधरी र वडा नं २ सेढवाका सञ्जय दास रहेका छन्।

प्रहरीले शनिवार दिउँसो करीब ३:३० बजे सेढवा निवासी दासको बाख्राखोरमा जमीनमुनि खाल्डो खनी एउटा मोटरसाइकलको सम्पूर्ण पार्टपुर्जा बरामद गरेको छ। मोटरसाइकल चोरीका घटनामा थप केही चोरहरूको सहभागिता रहेको र अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

मोटरसाइकलधनीले आफ्नो मोटरसाइकलमा अर्को नम्बर राखी चलाएको देखेर व्यवहारमा फिर्ता गर्न आग्रह गरेका थिए। मोटरसाइकलधनी र चोरबीच मोटरसाइकल फिर्ता गर्ने कुरामा सहमति भएपछि चोरले पटेर्वासुगौली गापा–४ भलुवाही खोलाको छेउमा रहेको सुगौली खेलमैदान आसपासमा मोटरसाइकल राखिदिने शर्त अनुसार मोटरसाइकल राखेर भाग्ने क्रममा अजित चौधरी पक्राउ परेको प्रहरीले जनाएको छ। चौधरीलाई सखुवाप्रसौनी गापाको कार्यालयअगाडि हिजो राति ९ बजे पक्राउ गरिएको थियो।

जीराभवानी गापा–२ सेढवामा थारू समुदायको पर्व घाटोको अवसरमा चैत २३ गते आयोजित रात्रिकालीन सांस्कृतिक कार्यक्रममा एउटा मोटरसाइकलको चोरी भएको थियो। जीराभवानी गापा–३ नौकाटोला निवासी सीताराम चौधरीको म.प्र.०३–ना.२४प४४१६ नम्बरको पल्सर मोटरसाइकल चोरी भएको थियो। दुई दिनपछि २५ गते जीराभवानी गापा–१ पकडीटोलाबाट पनि लु.१०प १२०२ नम्बरको पल्सर मोटरसाइकल र नम्बर नखुलेको यामाहा आर–१५ मोटरसाइकल चोरी भएको थियो।

यसैगरी, इलाका प्रहरी कार्यालय, पटेर्वासुगौली र सेढवाको संयुक्त टोलीले शनिवार बिहान करीब ११ बजे जीराभवानी गापा–५ शङ्करसरैयाबाट मोटरसाइकल बरामद भएको इप्रका, पटेर्वासुगौलीका प्रनानि अजयकुमार ठाकुरले बताए। ना.३७प ५०२९ नम्बरको होन्डा साइन मोटरसाइकल बरामद भएको प्रनानि ठाकुरले बताए। मोटरसाइकल सोही गापा–२ बैजनाथपुर निवासी एकजना व्यक्तिको रहेको प्रहरीले जनाएको छ। सो मोटरसाइकल पटेर्वासुगौली गापा–४ पटेर्वामा बुधवार राति आयोजित घाटो महोत्सवबाट चोरी भएको थियो।

## विन्ध्यवासिनी गापामा बालबालिकाले नौ महीनादेखि खाजा खान पाएनन्

प्रस, वीरगंज, २ वैशाख/




तस्वीरः फाइल

विन्ध्यवासिनी गाउँपालिका अन्तर्गतका विद्यालयमा अध्ययनरत बालबालिकाले नौ महीनादेखि दिवाखाजा खान नपाएको समाचार प्राप्त भएको छ। चालू आवको साउनदेखि गाउँपालिकाको कार्यालयले दिवाखाजाको लागि रकम नपठाएकोले बालबालिकालाई दिवाखाजा दिन बन्द गरेको शिक्षकहरूले बताए।

गापा अन्तर्गतका १४ वटा विद्यालयमा छ हजार विद्यार्थी अध्ययनरत रहेको शिक्षा प्रमुख कपिल लामिछानेले बताए। दिवाखाजा सञ्चालनबारे प्रमुख लामिछानेसँग बुझ्दा अहिले विद्यालय बन्द छ, खुल्नेबित्तिदै खाजाको रकम सबै विद्यालयहरूमा पठाउने बताए। अहिलेसम्म किन्न रोकिएको थियो भन्नेबारे लामिछानेले विद्यालयहरूले स्थानीय बजार वा पसलबाट सामान खरीद गरी खाजा खुवाउँछन्, जुन लेखापरीक्षकले नमानेपछि रोकिएको बताए। आफू भर्खर प्रमुख भएर आएपछि खाजाको लागि पहल गरेकोले चाँडै शुरू हुने दाबी गरे। स्काउट निमाविका प्रअ प्रमोद चौरसियाका अनुसार शुरूदेखि नै आफूलगायत पर्साका पालिकाहरूले स्थानीय बजारबाट नै सामानहरू खरीद गरी खुवाउँदै आएको बताए। तर अहिले नयाँ नेतृत्व आएदेखि रोकिएको बताए।

खाजा नपाउँदा अभिभावकहरू दैनिक विद्यालयमा झगडा गर्न आउने गरेको बताए। छिमेकी गापाका विद्यालयहरूमा विद्यार्थीहरूले खाजा खाने तर यहाँका विद्यार्थीहरूले खान नपाउने भनी ठूलो लापरवाही भएको बताए। अहिलेसम्म सोही मापदण्ड अनुसार खाजा खुवाउँदा कुनै किसिमको विवाद वा बेरुजू नभएको तर अहिले बेरुजू हुन्छ भनेपछि सेवा रोकिएको अन्य शिक्षकहरूको भनाइ छ।

**दिवा खाजाको उद्देश्य तथा मापदण्ड तथा फाइदा**

नेपाल सरकारले तोकेको पोषण मापदण्ड तथा स्थानीय परिवेश, संस्कृति र प्रचलनलाई आधार बनाएर स्थानीयस्तरमा उत्पादन हुने खाद्य सामग्रीहरू प्रयोग हुने गरी तयार गरिएको दैनिक परिकारहरूको सूची विद्यालयले बनाउँछ। नेपाल सरकारले विद्यालय उमेर समूहका एकजना विद्यार्थीका लागि दैनिकरूपमा चाहिने शक्ति (क्यालोरी)लगायत बृहत् पोषक तत्त्व (प्रोटीन र चिल्लो पदार्थ) तथा सूक्ष्म पोषक तत्त्व (आयोडिन, आइरन, जिङ्क, भिटामिन ए)को मात्राको ३० प्रतिशत दिवाखाजाबाट परिपूर्ति हुनुपर्ने गरी मापदण्ड तयार गरेको छ।

दिवाखाजाले विद्यालयमा अध्ययन गर्ने बालबालिकाको तत्कालीन भोकमा कमी ल्याउने र शारीरिक वृद्धिमा सूक्ष्म पोषक तत्त्वहरूको आपूर्ति गर्दछ। सुनौला हजार दिनभित्र प्राप्त भएका उपलब्धिहरू (वृद्धि र विकास)लाई स्थायित्व दिनका लागि सुनौला हजार दिनभित्र प्राप्त नगर्न सकेका बालबालिकाहरूले दिवाखाजाबाट अधूरा उपलब्धिहरूलाई केही हदसम्म प्राप्त गर्न सक्नेछन्। मुख्यतः अन्तर, जन्मान्तर, पुस्तौनीरूपमा सर्दै आएका पुड्कोपनमा कमी ल्याउनका लागि तथा बालबालिकाको विद्यालयमा पहुँच र कक्षाकोठामा सहभागिता टिकाइराख्न दिवाखाजाले प्रत्यक्ष सहयोग गरेको छ।

> सो गापामा रहेका विद्यालयहरूमा प्रतिविद्यार्थी दैनिक खाजाबापत रु १५ पठाइन्छ। त्यसमा पनि गापाका कर्मचारीहरू आँखा लगाउँछन्।
>
> लेखा अधिकृतदेखि जनप्रतिनिधिहरू भाग खोज्छन्, अनि कसरी खाजा खुवाउने बालबालिकाहरूलाई। स्रोत भन्छ– यो गापामा मात्र हैन अधिकांश गापामा शिक्षाप्रमुखहरूलाई भाग नदिए शिक्षकहरूको तलबसमेत रोकिदिइन्छ। वडाध्यक्षदेखि शिक्षा शाखामा कार्यरत कर्मचारीहरूले दिवाखाजालाई कमाइखाने भाँडो बनाएको स्रोतको भनाइ छ।
>
> जनप्रतिनिधि वा गापाका कर्मचारीहरू नसुध्रिए सबै विद्यालय दिवाखाजा बन्द गर्ने तयारीमा रहेको स्रोतले बताएको छ।

## वीरगंजका युवकको मुम्बईमा हत्या

प्रस, परवानीपुर, २ वैशाख/



सोनालाल राउत कुर्मीका परिवारजन। तस्वीरः प्रतीक

वीरगंजका एकजना युवकको भारतमा रहस्यमय हत्या भएको छ। वीरगंज–१ छपकैया सिसौंबारीका गणेश राउत कुर्मीका जेठा छोरा सोनालाल राउत कुर्मीको एक साताअगाडि रहस्यमय तरीकाले हत्या भएको खबर प्रकाशमा आएको छ।

३२ वर्षीय सोनालाल गत चैत २३ गते दिउँसो १ बजेपछि सम्पर्कविहीन भएका थिए। उनको शव चैत २६ गते बिहान महाराष्ट्रको मुम्बईस्थित कुर्ला स्टेशनबाट रक्सौल–मुम्बई जाने रेलबाट फेला परेको थियो। कुर्ला प्रहरीका अनुसार उनको घाँटी थिचेर टाउकोमा प्रहार गरी हत्या गरिएको थियो। मृतक सोनालालको शवको शल्यपरीक्षण प्रतिवेदन आउन बाँकी छ। शव बरामद भएपछि सोनालालका बुबा गणेश राउतसहित छजना परिवारजन सोमवार मुम्बई गएर शव सनाखत गरी दाहसंस्कार गरेर फर्केका थिए।

परिवारजनले स्थानीय प्रहरीमा छोरा बेपत्ता भएको प्रारम्भिक जानकारी गराइसकेको तर जाहेरी किटानी दिन बाँकी रहेको बुझिएको छ। सोनालालका भाइ सुनीलले दाइको हत्यामा वीरगंज–१ छपकैयाकै ३२ वर्षीय सरफुल्लाह मियाँ पवरिया र ३० वर्षीय रेयाजुल मियाँ अन्सारीको संलग्नता रहेको दाबी गरेका छन्।

सोनालालका यी दुवै साथी अहिले फरार छन्। उनीहरू भारतमैं लुकेर बसेको पीडित परिवारजनको आरोप छ। मृतक सोनालाल पूर्वलागूऔषध प्रयोगकर्ता हुन् र मुम्बई जान रेलमा बस्नुअघि चैत २२ गते बुधवारका दिन दिउँसो तीनैजना खानपिन गरी सोनालालको रु १५ हजार

(बाँकी अन्तिम पातामा)

## जग्गासम्बन्धी विवादमा रौतहटमा गोली चल्दा एकजनाको मृत्यु, तीनजना घाइते



उपचार गराउँदै घाइतेहरू। तस्वीरः प्रतीक

प्रस, रौतहट, २ वैशाख/

रौतहटको गढीमाई नगरपालिकामा गोली लागेर एकजनाको मृत्यु भएको छ भने तीनजना घाइते भएका छन्।

गढीमाई नगरपालिका–८ धोबिनियामा जग्गासम्बन्धी विवाद हुँदा दुई पक्षबीच गोली चलेको जिल्ला प्रहरी कार्यालय, रौतहटका प्रमुख प्रहरी उपरीक्षक वीरबहादुर बुढामगरले जानकारी दिए।

गोली लागेर स्थानीय राजकुमारराय यादवको मृत्यु भएको छ। उनलाई उपचारका लागि वीरगंज पठाउने क्रममा बाटोमा नै मृत्यु भएको प्रउ बुढामगरले बताए। गोली कसले चलायो सोको अनुसन्धान भइरहेको उनले बताए।

गढीमाई नपाले निर्माण गरिरहेको बाटोका विषयमा विवाद हुँदा १२ बोरको बन्दुकबाट गोली प्रहार भएको प्रहरीको भनाइ छ। गोली लागेर स्थानीय रामप्रताप यादव, कपिलदेव राय यादव र निरञ्जन यादव घाइते भएका छन्।

प्रहरीले घटनामा संलग्न रहेको आशङ्कामा पाँचजनालाई नियन्त्रणमा लिएको प्रउ बुढामगरले बताए। घटनामा प्रयोग भएको बन्दूक प्रहरीले बरामद गरेको छ भने घटनाको अनुसन्धान भइरहेको उनले बताए।

## विचारसार र सूक्तिहरू

**जुन कुनै काम गर, पूरै उद्योग र उत्साहले गर । उद्योग, उत्साह र धीरजमा धेरै ठूलो शक्ति हुन्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# यश र लाभ दुवै कसरी प्राप्त गर्ने

आफ्नो जिम्मारहेको कामलाई समग्र तत्परता एवं तन्मयताका साथ गर्नु यस्तो विधि हो, जसबाट काममा रस प्राप्त हुन थाल्छ। झर्को र थकाइ नजीक आउनै सक्दैन । कार्य प्रतिष्ठाको प्रश्न बन्न पुग्छ। त्यसलाई कर्मयोगको साधना ठानेर निष्ठापूर्वक गर्ने मनोयोग प्राप्त हुन्छ। यस्तो स्वभावले काम राम्ररी हुन थाल्छ, छिटो पनि हुन्छ, राम्रो पनि र उत्तम पनि । तन्मयता जोडिंदा काम मात्र परिश्रम रहँदैन, त्यो एक प्रकारको कलाकृति बन्न पुग्छ। यस्तो कलाकृति जसको मूल्याङ्कन पनि हुन्छ र सम्मान पनि। कुनै पनि प्रामाणिकताको सुनिश्चित चिह्न के हो भने उसले आफ्नो कामलाई कति महत्त्वपूर्ण ठान्यो र कति उत्तरदायित्वपूर्ण ढङ्गले त्यसको निर्वाह गऱ्यो ? कर्तत्वले नै व्यक्तिको व्यक्तित्वलाई संरक्षण दिन्छ र यशस्वी बनाउँछ।

**कुनै काममा हात हाल्नुपूर्व त्यसको गुण–दोषबारे राम्ररी विचार गर्नुपर्छ। समय र क्षेत्रमा त्यस कार्यलाई सम्मान प्राप्त छ वा छैन ? लाभांश निर्वाहयोग्य हुन्छ कि हुँदैन ? यी सबै उँच–नीचबारे पहिले नै विचार पुऱ्याउनुपर्छ। हितैषी–विशेषज्ञहरूसँग परामर्श गर्नु उचित हुन्छ।**

आउँदा दिनमा के गर्ने ? कुन दिशामा जाने ? यसको निर्णय विचारपूर्वक गर्नुपर्दछ, जसमा इमानदारीको गहिरो छाप होस्। यसो त आफ्नो हितसाधनका लागि मानिसहरू विभिन्न काम गर्छन्। परिस्थिति अनुसार जुन साधन अगाडि छ, तिनैमध्ये कुनैलाई छान्नुपर्छ, तर के हेर्नुपर्छ भने त्यो काम गर्दा इमानदारीको निर्वाह हुन सक्छ कि सक्दैन । त्यसबाट लोकहितमा बाधा त पुग्दैन ? सुनलाई आगोमा गलाएर अनि कसीमा घोटेर मात्र त्यसको शुद्धता प्रामाणिक हुन्छ र बजारमा त्यसले उचित मूल्य पाउँछ। कुनै काममा हात हाल्नुपूर्व जाँच गर्नुपर्दछ कि त्यसको पूर्णताका लागि कुनै बेइमानी त गर्नुपर्दैन ? र त्यस कामको परिणाम यस्तो त हुँदैन, जसले समाजमा दुष्प्रवृत्ति बढोस्।

रक्सी–व्यवसाय यस्तै हो । यस व्यवसायमा संलग्न व्यक्तिले आफ्नो उन्नतिका लागि भलै समुचित प्रयत्न गरेको छ, तर त्यस उत्पादनबाट समाजको अहित नै हुन्छ। यस्तो काम रोज्नुपूर्व के सोच्नुपर्दछ भने त्यसले लोकहितमा कुनै बाधा त उत्पन्न हुँदैन। आफ्नो भलाइ अथवा कमाइका लागि पाइला सार्दा के विचार पुऱ्याउनु आवश्यक छ भने त्यसबाट अरूलाई कुमार्गमा लाग्ने प्रेरणा त प्राप्त हुँदैन । इमानदारीको व्यवसाय रोज्ने मानिसहरू प्रायः सज्जन मानिन्छन् । काम हेरेर नै मानिसको स्वरूप, चरित्र र दृष्टिकोण बुझ्न सकिन्छ। उपयोगी काम रोज्ने सन्दर्भमा आजीविका त्यति तडकभडकपूर्ण नहोस्, जस्तो चालबाज, धूर्तहरूले गर्छन् तर पनि यति निश्चित के छ भने इमानदारीपूर्ण थोरै आजीविकाले पनि आवश्यक कामहरू राम्ररी सम्पन्न गर्न सकिन्छ। उसलाई कुनै कुराको खाँचो महसूस हुँदैन।

जसले विचारपूर्वक कमाइ गर्छ, उसले विवेकपूर्वक खर्च पनि गर्छ। जहाँ अनीतिको कमाइ बढ्छ, त्यहाँ खर्चिलो बानी पनि स्वभावतः उत्पन्न हुन्छ। अनीतिपूर्वक कमाएको धन दुर्व्यसनमा खर्च हुन्छ। विलासिता, आत्मश्लाघामा त्यो कमाइ अनायास बगिरहेको हुन्छ, जुन अनीतिपूर्वक कमाइएको हुन्छ । इमानदार व्यक्तिले जहाँ कमाउनका लागि न्यायोचित माध्यम अँगाल्छ, आफ्नो उपार्जनको अपव्यय नहोस् भन्ने कुराको पनि हेक्का राख्छ । बजेट बनाएर नितान्त आवश्यक कार्यमा पैसा खर्च गर्नु स्थूल दृष्टिमा कृपणता अथवा दरिद्रता देखिन्छ मात्र, वस्तुतः त्यस्तो हुँदैन। विज्ञजनको दृष्टिमा व्यक्तिको जाँच उसको कमाइ र खर्च गर्ने ढङ्ग हेरेर मात्र ठम्याउनु उपयुक्त हुन्छ।

प्रामाणिक व्यक्ति आफ्नोलागि कामको चुनाव गर्नुपूर्व के कुरामा विचार पुऱ्याउँछन् भने त्यो घरीघरी परिवर्तन गरिरहनु त पर्दैन ? चञ्चल–चित्त व्यक्तिले कुनै पनि कामलाई महत्त्व दिंदैन। आज यो र भोलि त्यो गरिरहन्छ। यस्तो अवस्थामा प्रवीणता बढ्न सक्दैन। एउटा काम थाल्यो–छाड्यो, अर्को शुरू गऱ्यो; यस प्रवृत्तिले अनेक विषयको सामान्य जानकारी मात्र पाइन्छ, विशेषज्ञता प्राप्त हुन सक्दैन । सम्मान त जहिले पनि विशेषज्ञहरूको नै हुन्छ। समाजलाई सधैं विशेषज्ञको आवश्यकता हुन्छ । अनेक विषयमा सामान्य जानकारी राख्ने व्यक्ति कुनै पनि काममा पारङ्गत हुन सक्दैन । फलतः उसलाई अभीष्ट श्रेय–सम्मान पनि प्राप्त हुन सक्दैन। चञ्चल–चित्त व्यक्ति न आफ्नोलागि कुनै गतिलो कार्य–लक्ष्य निर्धारित गर्न सक्छ, न त्यसमा तत्परतापूर्वक तल्लीन हुन सक्छ। फलतः आफ्नो काममा अकुशल भएको हुँदा सफलताको शिखरमा पुग्न सक्दैन । जबकि सामान्य काम गर्ने मालीजस्ता व्यक्तिहरू उद्यानलाई कलात्मक ढङ्गले विकसित पार्छन्। राम्रो फसल उत्पादन गर्छन्, राम्रो तलब पाउँछन् र लाभ उठाउँछन्।

कुनै काममा हात हाल्नुपूर्व त्यसको गुण–दोषबारे राम्ररी विचार गर्नुपर्छ। समय र क्षेत्रमा त्यस कार्यलाई सम्मान प्राप्त छ वा छैन ? लाभांश निर्वाहयोग्य हुन्छ कि हुँदैन ? यी सबै उँच–नीचबारे पहिले नै विचार पुऱ्याउनुपर्छ। हितैषी–विशेषज्ञहरूसँग परामर्श गर्नु उचित हुन्छ। परिभ्रमण गरेर वस्तुस्थिति बुझ्नुपर्छ। यसमा केही श्रम र समय खर्च त हुन्छ तर पछि पछुताउनुपर्दैन, जबकि उत्ताउला र अदूरदर्शी व्यक्तिहरू प्रायः यस्तै गर्दछन्।

व्यवसायमा आफ्नो लाभ प्रधान हुन्छ, तर त्यो त्यति मात्र हुनुपर्दछ कि आफ्नो उत्पादन बजार अनुसार महँगो पनि नहोस् र कमसल पनि नहोस् । कमसल अथवा सस्तो चीज कसैगरी ग्राहकलाई बिक्री त गर्न सकिन्छ, तर खरीद गरेपछि ग्राहक पछुताउँछ र भविष्यमा त्यस विक्रेतासँग व्यवहार गर्न रुचाउँदैन। उसले कि महँगोमा बेच्छ कि घटिया मालको आपूर्ति गर्छ । यसरी तत्काल केही धेरै नाफा कमाउने चक्करमा उसले एउटा ग्राहक गुमाउँछ। ग्राहक असन्तुष्ट भयो भने उसले अरूसँग पनि विक्रेताको बदनामी गर्छ। विश्वास गुमाइसकेपछि विक्रेताले त्यो व्यवसायबाट एक न एक दिन हात धुनै पर्छ। नितान्त नयाँ ग्राहक त मेला अथवा धर्मशालामा मात्र आउँछन्, अन्यथा स्थिर व्यापारीलाई त स्थिर ग्राहकमाथि नै निर्भर रहनुपर्छ। यस्तो सुयोग स्थापित हुन सक्यो भने धेरै ग्राहकबाट थोरै नाफा लिएर उसले स्थायीरूपमा व्यवसाय जमाउन सक्छ र आजीविका पनि स्थायी भई उन्नतिको ढोका उघ्रँदै जान्छ।

व्यवसाय होस् वा मजदूरी सबै कार्यमा इमानदारी र सज्जनता देखियो भने सम्बन्धित व्यक्तिको मन जित्न सकिन्छ । जुन मजदूरले परिश्रम, वफादारी तथा जिम्मेवारीका साथ काम गर्छ, उसले घरीघरी मालिक परिवर्तन गर्नुपर्दैन। इमानदार र वफादार कर्मचारी मालिकको दाहिने–देब्रे हातजस्ता हुन्छन्। उनीहरू यस वा उस बहानामा उचित पारिश्रमिक पनि पाइहाल्छन्।

छिटो र धेरै कमाउने लालसामा मानिसहरू अति मुनाफाखोरी गर्न थाल्छन् । यसका लागि उनीहरूले घटिया, नक्कली, कम तौलका सामान बिक्री गर्नुपर्छ । कुरा फुस्कियो भने ग्राहकले त्यस पसलको बाटो नै बिर्सन्छ। यो कार्य भनेको सधैं एउटा सुनको अन्डा दिने कुखुराको पेट चिरेर सबै अन्डा एकैपटक पाउने मूर्खतापूर्ण चेष्टाजस्तै हो। यस्तो लोभबाट जोगिएर जसले दूरदर्शितापूर्वक आफ्नो व्यवसायको चुनाव गर्छ, इमानदारी र तन्मयता समावेश गर्छ, उसले थोरै–थोरै गरेर पनि अन्तमा राम्रो नाफा कमाउँछ। विक्रेताले आफ्नो स्वार्थजस्तै ग्राहकको स्वार्थलाई पनि ठान्यो भने यश पनि पाइन्छ र लाभ पनि।

# गौरवका योजनाको सुस्त गति, निकास कसरी ?

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**सार्वजनिक–निजी–साझेदारीका चर्चा बाक्लै भएपनि बहसमैं सीमित भइआएका छन् । यो मोडेल कार्यान्वयनमा लैजाँदा स्रोत व्यवस्थापन र दक्ष जनशक्तिको अभाव समाधानलाई सघाउ पुग्न सक्छ। तर सरकारको सहभागिता निजी क्षेत्रका लागि आशङ्काको कारण बन्छ भने निर्माण–सञ्चालन–हस्तान्तरण (बुट) मोडेलमा अघि बढाउन**

सरकारी आय र खर्चको पारदर्शिता र प्रभावकारिताको लेखाजोखा गर्ने निकाय महालेखापरीक्षकको कार्यालयले राष्ट्रिय गौरवका योजनाहरूको प्रगति निकै निराशाजनक भएको देखाएको छ। महालेखाको हालै सार्वजनिक ६०औं वार्षिक प्रतिवेदनमा कार्यान्वयनमा रहेका यस्ता आठवटा योजनाका प्रगति ३० प्रतिशतभन्दा पनि कम उल्लेख भएबाट हामीकहाँ राष्ट्रिय गौरवको नाम दिइएका योजना वास्तवमा राष्ट्रिय लज्जाको विषय बनेको प्रस्ट हुन्छ।

महालेखाले योजनामा देखिएको बेथितिबारे प्रश्न उठाएको यो पहिलोपटक भने होइन। प्रत्येक वर्ष महालेखाले आफ्नो प्रतिवेदन बुझाउँछ । तर कर्मकाण्डमा मात्र सीमित भएको छ। कार्यान्वयनका निकायहरूले प्रतिवेदनले औंल्याएका समस्या र समाधानलाई बेवास्ता गर्दै आएका छन्।

यतिसम्म कि, निर्माण भइसकेका योजनाको समेत उपयोग हुन सकेको छैन। माथिल्लो तामाकोशी, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र मेलम्ची खानेपानी आयोजनाको निर्माण सम्पन्न भएपनि पूर्णरूपमा सञ्चालनमा आउन सकेका छैनन्। सरकारले प्रत्येक वर्षको बजेटमा यस्ता आयोजनालाई उच्च प्राथमिकतामा राखी स्रोत सुनिश्चितता गर्ने, अनुगमन गर्नेलगायतका कुरा उल्लेख गरे पनि कार्यान्वयन निराशाजनक रहँदै आएको छ।

सडक विभाग अन्तर्गतका १९८ वटा ठेक्का नौपटक म्याद थप गर्दा पनि पूरा भएका छैनन् । पुराना ठेक्का पूरा नभइरहेको अवस्थामा अधूरा ठेक्काको सङ्ख्या बर्सेनि बढ्दै जानु गम्भीर चिन्ताको विषय हो। त्यस्ता योजनाले लगेको पेश्की रकम मात्रै दुई अर्ब ७५ करोड रुपैयाँभन्दा बढी पुगेको छ। त्यस्तो रकम क्षतिपूर्तिसहित प्राप्ति चुनौतीपूर्ण हुने देखिन्छ।

योजनाको आर्थिक सम्भाव्यता र उपयोगितालाई कति पनि ध्यान नदिने प्रवृत्ति मूल समस्या हो। नेतृत्वको लहड र लोकरिझाइका लागि ल्याइने योजनाको अवश्य दुर्गति हुन्छ । आवश्यकताभन्दा आग्रहलाई योजना छनोटको आधार बनाउने परिपाटी विकासको अवरोध हो।

महालेखाले योजना घोषणाको मापदण्डको अभावलाई बेथितिको कारण भन्न थालेको वर्षौं बितिसक्यो । तर सरकार कानमा तेल हालेर बसेको छ। यस्ता आयोजनामा बर्सेनि सरकारी रकम खर्च भएको मात्र छैन, ढिलासुस्तीले लागत बढेको छ । जथाभावी योजना घोषणा गर्दा विकासको प्रतिफल प्राप्त हुँदैन। यो अर्थतन्त्रमाथि अनावश्यक व्ययभारको कारण बन्ने चाहिं निश्चित छ। अध्ययन अनुसार गौरवका योजना समयमा पूरा हुन नसक्दा राज्यलाई दुई खर्ब रुपैयाँ बराबरको आर्थिक भार बढेको छ।

केही समयअघि राष्ट्रिय सरोकार तथा समन्वय समितिको अध्ययन प्रतिवेदनले पूर्वतयारीविना राष्ट्रिय गौरवका आयोजना घोषणा गर्दा कार्यान्वयन कमजोर बनेको औंल्याएको थियो । योजनाको भौतिक, आर्थिक र सामाजिक सम्भाव्यतासँगै प्रभावको मूल्याङ्कन नहुनु, लगानी कसले गर्ने, कसरी जुटाउने र सञ्चालन कसरी गर्ने भन्ने स्पष्ट खाकाको अभाव औसत योजनाका समस्या हुन्। योजनाको विकास, वित्तीय, प्राविधिक तथा व्यवस्थापकीय पक्षको लेखाजोखा नगरी हचुवामा अघि बढाइने योजनाहरू नै अहिले अलपत्र योजनाका सूचीमा देखिन्छन्।

केही वर्षअघि संसद्को विकास समितिले राष्ट्रिय गौरवका योजनाहरूमा छ वर्षभन्दा बढी समय नलगाउन निर्देशन दिएको थियो । तर हामीकहाँ तीन दशकदेखिका योजनालाई राष्ट्रिय गौरवको सूचीमा राखिएको छ । योजनाको औचित्य एउटा निश्चित समयसम्म उच्च रहन्छ । आज अघि सारिएको योजनाले १० वर्षपछि पनि उस्तै लाभ दिन्छ भन्ने हुँदैन । उदाहरणका लागि शुरूमा काठमाडौं उपत्यका जोड्न त्रिभुवन राजपथको उपयोगिता कति थियो ? आज आवश्यकता र प्रविधिको विकाससँगै यो राजपथको विकल्प तयार भए। त्रिभुवन राजपथको व्यावसायिक उपयोगिताको ओज अब करीब सकिएको छ।

अर्को उदाहरण हेरौं, निजगढ विमानस्थललाई काठमाडौंपछिको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा अघि सारियो । अहिले भैरहवा र पोखरामा विमानस्थल सञ्चालनमा आइसके। तर निजगढको कामले कहिलेदेखि गति लिने हो अत्तोपत्तो छैन। प्राविधिक र काठमाडौं उपत्यकतासँगको निकटताको कारणले पनि निजगढलाई दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको लागि उपयुक्त भनिएको हो। तर आठ खर्ब रुपैयाँ खर्च अनुमान गरिएको यो योजनामा १० वर्षमा मुश्किलले एक अर्ब रुपैयाँ मात्र खर्च भएको छ । आर्थिक सम्भावनाका हिसाबले यो योजनाको पूरक मानिएको काठमाडौं–तराई द्रुतमार्गको काम नेपाली सेनालाई दिइए पनि अपेक्षित काम हुन सकेको छैन । पछिल्लोपटक थपिएको समय सकिन डेढ वर्ष बाँकी रहँदा प्रगति भने ३० प्रतिशत पनि पुगेको छैन। दशकौं पूरा नहुने, तर गौरवको सूचीमा रहिरहने योजनाको सान्दर्भिकतामा पनि पुनर्विचार गर्नुपर्ने समय भएको छ।

हामीकहाँ विकासका योजना बनाउने, तर ती योजनाका लागि जनशक्ति व्यवस्थापनको पक्षमा सधैं उदासीन देखिने प्रवृत्ति पनि विकासको बाधक हो । सरकारले २५ वर्षे विकासको दीर्घकालीन योजना बनाउँछ। त्यो योजना अवधिमा हामीलाई प्राविधिक, प्रशासनिक वा कुन खालको जनशक्ति कति चाहिने हो, त्यसको प्रक्षेपणसमेत भएको पाइँदैन। विश्वका विकसित अर्थतन्त्रले मानवपूँजी विकासमा ठूलो मात्रामा लगानी गरेका छन् । हामीकहाँ भने योजनासमेत देख्न पाइएको छैन।

अबको दुई वर्षमा हामी विकासशील देशको सूचीमा स्तरोन्नति हुन गइरहेका छौं । मानसिकता भने अहिलेसम्म जनसङ्ख्यालाई केवल सङ्ख्या मात्र ठान्ने छ । जनसङ्ख्यालाई मुख्य स्रोत र शक्तिको रूपमा व्यवहार नगरेसम्म विकासले गति लिंदैन । हामीकहाँ योजनाको असफलताको अर्को कारण दक्ष जनशक्तिको अभाव पनि हो।

अहिले पनि वैदेशिक सहायतामा सञ्चालित योजनाको ४७ प्रतिशत रकम परामर्शको नाममा बाहिरिने गरेको छ। बचेको रकममा ठेकेदार, प्राविधिक/प्रशासनिक मानिस र राजनीतिक नेतृत्वको मिलेमतो खुला रहस्यजस्तै भइसक्यो । यस्तो बेथितिको चाङ पन्छाएर विकासका योजनाहरूलाई गति दिनु मूल चुनौती पनि हो । तर नेतृत्वमा इमानदारी र इच्छाशक्ति भयो भने यो असम्भव पनि होइन।

विस्तृत आयोजना प्रतिवेदन तयार नगरी निर्माण कार्य शुरू गर्नु, आयोजना कार्यान्वयन खाका स्पष्ट नहुनु, जग्गा प्राप्ति र क्षतिपूर्ति विवाद हुनु, युटिलिटी सर्भिस स्थानान्तरणमा अन्तरनिकाय समन्वय नहुनु, सीमाङ्कन रेखाङ्कन विवाद, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनलाई बेवास्ता गर्नु, निर्माण क्षमताको अभाव, कमजोर अनुगमन मूल्याङ्कनलगायतका समस्याले योजना निर्माणको समय र लागत दुवै वृद्धि भएको प्रतिवेदनहरूले देखाएका छन् । यस्ता समस्याको निकास नभई योजनाहरूले गति समात्न सम्भव छैन।

योजनामा मुख्य समस्या स्रोतको अभाव पनि हो। अहिले सरकारी आयबाट प्रशासनिक खर्च पनि धान्न नसक्ने अवस्था छ। विकासमा दाताको मुख ताक्नुपरेको छ। पूँजीगत खर्चमा सरकारको कमजोर खर्च क्षमतालाई औंल्याइन्छ। तर स्रोत नै नभएकाले खर्च हुन नसकेको पनि त्योभन्दा बढी सत्य हो । सार्वजनिक–निजी–साझेदारीका चर्चा बाक्लै भएपनि बहसमैं सीमित भइआएका छन् । यो मोडेल कार्यान्वयनमा लैजाँदा स्रोत व्यवस्थापन र दक्ष जनशक्तिको अभाव समाधानलाई सघाउ पुग्न सक्छ । तर सरकारको सहभागिता निजी क्षेत्रका लागि आशङ्काको कारण बन्छ भने निर्माण–सञ्चालन–हस्तान्तरण (बुट) मोडेलमा अघि बढाउन सकिन्छ।

# वैशाखदेखि मासिकरूपमा ‘बक्स अफिस’ विवरण

काठमाडौं, २ वैशाख/रासस

नेपालभर चलचित्र प्रदर्शन भएबापत गरेको व्यापारको तथ्याङ्क नेपाल सरकारसँग बक्स अफिस प्रणाली (ई–टिकेटिङ सिस्टम)मार्फत प्राप्त हुने गर्छ।

विसं २०७६ देखि नेपालमा लागू गरिएको यो प्रणाली शुरू नहुँदा निर्माता वितरककै तथ्याङ्कमा भर परिरहेका थिए। चलचित्रको वास्तविक कमाइको विवरण देखाउने प्रणालीमार्फत कुन चलचित्र भवनमा कति टिकट बिक्री भयो भन्ने आधिकारिक तथ्याङ्क निर्माता तथा वितरकले थाहा पाउँछन्।

यो प्रणाली जडान भएको तीन वर्ष पूरा भइसक्दा पनि यसको विश्वसनीयतामा प्रश्न उठ्ने गरेको छ। बोर्डले २०७९ सालमा प्रदर्शन भएको १३५ मध्ये १३२ चलचित्रको कुल व्यापार सार्वजनिक गरेपछि प्रदर्शनरत चलचित्र ‘छक्का पञ्जा ४’ को सार्वजनिक भएको विवरणलाई लिएर निर्माण समूहले आपत्ति जनाएको छ।

गत फागुन १९ देखि प्रदर्शनरत चलचित्र ‘छक्का पञ्जा ४’ ले बोर्डको विवरण अनुसार छ लाख आठ हजार ४०२ टिकेट बिक्री भएबापत रु १६ करोड ९४ लाख ३४ हजार ६३४ कुल व्यापार गरेको छ।

प्रदर्शनरत भएकाले यसको व्यापार अझै बढ्ने देखिन्छ। चलचित्रका लेखक तथा निर्मातासँगै कलाकार रहेका दीपकराज गिरीले सामाजिक सञ्जालमार्फत नै सार्वजनिक भएको विवरण ठीक नभएको प्रतिक्रिया दिए। चलचित्रका अर्का निर्माता निर्मल शर्माले पनि बोर्डको सार्वजनिक विवरण कम देखिएको जानकारी दिए।

“हामी छलफल गरेर यसबारे जानकारी दिने तयारीमा छौं । यद्यपि बोर्डले सार्वजनिक गरेको विवरणमा निकै फरक परेको छ। यसबारे आधिकारिक धारणा नै सार्वजनिक गर्छौं,” निर्माता शर्माले भने।

बोर्डले सार्वजनिक गरेको तथ्याङ्कमा सामान्य फरक भने पर्न सक्ने बक्स अफिस अधिकृत प्रवीण पाण्डेले जानकारी दिए। “सबै चलचित्र भवनमा बक्स अफिस प्रणाली जडान भएपनि अनुगमनको अभावमा केही हेरफेर हुन सक्छ। केहीले नियतवश पनि गरिरहेका हुन्छन् । तर बोर्डले यसमा अनुमगन बढाएको छ,” अधिकृत पाण्डेले भने, “हामीसँग रहेको आधिकारिक तथ्याङ्क सार्वजनिक गरेका हौं।”

यसैबीच बोर्डका अध्यक्ष भुवन केसीले व्यापारबारे फैलिने भ्रम हटाउन वैशाखदेखि मासिकरूपमा बक्स अफिस विवरण सार्वजनिक गर्ने जानकारी दिए। “सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाटै निर्देशन भएपछि वार्षिक विवरण बाहिर ल्याएका हौं । अब मासिकरूपमा ल्याउनेछौं,” अध्यक्ष केसीले भने। मासिकरूपमैं विवरण सार्वजनिक हुँदा व्यापारलाई लिएर भ्रम सिर्जना नहुने उनको विश्वास छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# जापानी प्रधानमन्त्रीमाथि आक्रमणको प्रयास

टोकियो, २ वैशाख/सिन्ह्वा

प्रधानमन्त्री फुमियो किशिदामाथि देशको पश्चिमी भाग वाकायामामा समर्थन गर्ने कार्यक्रममा मन्तव्य व्यक्त गर्न मञ्चमा पुग्न लागेका प्रधानमन्त्रीमाथि आक्रमण भएको हो । आक्रमणको दृश्य एनएचकेको प्रसारणमा देखिन्छ ।

प्रधानमन्त्री किशिदाको लिबरल डेमोक्रयाटिक पार्टीका सदस्य हिरोशी




प्रधानमन्त्री फुमियो किशिदामाथि स्मोक बम प्रहार गरेको आशङ्कामा पक्राउ परेका युवक । तस्वीरः एजेन्सी

आक्रमणको प्रयास भएको छ । वाकायामामा आयोजित एक चुनावी कार्यक्रममा मन्तव्य व्यक्त गर्न लागेका प्रधानमन्त्रीमाथि 'स्मोक बम' प्रहार भएको सरकारी समाचार समिति क्योदो तथा प्रसारण संस्था एनएचकेले जनाएका छन् ।

प्रधानमन्त्रीमाथि कुनै चोटपटक नलागेको तथा उनलाई सुरक्षितरूपमा सकुशल कार्यक्रमस्थलबाट निकालिएको छ । प्रतिनिधिसभाको उपनिर्वाचनको आशङ्कामा प्रहरीले घटनास्थलबाट एकजनालाई नियन्त्रणमा लिएको छ । यद्यपि प्रहरीले यसलाई पुष्टि गरे पनि थप जानकारी दिएको छैन ।

एकजना प्रत्यक्षदर्शीका अनुसार एक युवकले प्रधानमन्त्रीलाई लक्ष्य गर्दै केही फ्याँकेको देखेको तथा केही क्षणमैं धूवाँको मुस्लोसहित ठूलो आवाजमा त्यो वस्तु विष्फोट भएको थियो । बम विष्फोटपछि कार्यक्रमस्थलबाट सर्वसाधारण भागेका मोरियामाले लोकतन्त्रको आधारस्तम्भ सुदृढ बनाउने चुनावी अभियानमा यस्ता घटना हुनु खेदजनक भएको बताउँदै त्यसलाई उनले अक्षम्य अपराध भनेका छन् । जापानमा हिंसात्मक घटना बिरलै हुने गरेका छन् तर गत वर्ष चुनावी अभियानका क्रममा पूर्वप्रधानमन्त्री शिन्जो आबेको गोली प्रहारबाट हत्या भएपछि राजनीतिक दलका नेतामा सुरक्षा चिन्ता बढेको छ । रासस

# 'भुटानलाई डोक्लाममा अडान परिवर्तन गर्न सिसिपीको चर्को दबाब'

थिम्पु, २ वैशाख/एएनआई

नयाँ दिल्लीस्थित विदेश नीति 'थिङ्क टचाङ्क' रेड ल्यान्टर्न एनालिटिकाले भुटानलाई डोक्लाममा आफ्नो अडान परिवर्तन गर्न चिनियाँ कम्युनिस्ट पार्टी (सिसिपी)ले अधिक दबाब दिएको प्रतिवेदन सार्वजनिक गरेको छ ।

मैत्री सन्धिलगायत सम्झौता अन्तर्गत आफ्नो परराष्ट्र नीतिमा भारतसँग समन्वय र सहकार्य गर्न राजी भएको भुटानलाई आफ्नो अडान परिवर्तन गर्न सिसिपीले चर्को दबाब दिइरहेको तथा भुटानका प्रधानमन्त्री लाटे छिरिङले विवादमा भारत, चीन र भुटानको समान सरोकार रहेकाले त्रिपक्षीय छलफल हुनुपर्नेमा जोड दिएको प्रतिवेदनमा उल्लेख छ । डोक्लाम भारत, चीन र भुटानबीचको विवादित क्षेत्र हो ।

सन् २०१७ मा सिपिसीको नेतृत्वमा चिनियाँ सेनाले डोक्लाममा अवस्थित सडकलाई दक्षिणतर्फ विस्तार गर्ने प्रयास गरेपछि भारत र चीनबीच विवाद बढेको हो । प्रतिवेदन अनुसार चीनले पूरै डोक्लाम क्षेत्रमाथि आफ्नो दाबी गर्दै आएको छ भने भारतले ऐतिहासिक सम्झौता र सन्धिको पालनामा जोड दिंदै आएको छ । "विवादित क्षेत्रमा पूर्वाधार निर्माणको प्रयास गरेर चीनले भुटानसँगको अनौपचारिक सम्बन्धमा कटुता थप्न चाहेको देखिन्छ तर भुटानले आफ्नो शान्तिवादी अडानमा परिवर्तन नगर्नु भुटानकै निम्ति लाभदायक हुनेछ," यो भूराजनीतिक विषयमा चीनबाट प्रभावित नभई थिम्पुले आफ्नो स्पष्ट अडान राख्नुपर्ने प्रतिवेदनमा भनिएको छ । रासस

# सडक दुर्घटनामा २० जनाको मृत्यु

श्रावस्ती (उत्तर प्रदेश), २ वैशाख/एएनआई

उत्तर प्रदेशको श्रावस्तीस्थित राष्ट्रिय राजमार्गमा शनिवार बिहान भएको सवारी दुर्घटनामा परी आठजनाको मृत्यु भएको छ भने अन्य छजना गम्भीर घाइते भएका छन् ।

आफन्तको निधनमा आयोजना गरिएको शोकसभामा सहभागी हुन लुधियानाबाट आएका उनीहरूको सवारीसाधन इकाउना प्रहरी चौकीको क्षेत्रमा पर्ने रूखमा ठोक्किंदा उक्त दुर्घटना भएको प्रहरीले जनाएको छ । छजनाको घटनास्थलमा नै मृत्यु भएको बताउँदै श्रावस्तीका प्रहरी उपरीक्षक प्राची सिंहले गम्भीर घाइते भएका आठजनालाई बहराइच अस्पताल पठाएको जानकारी दिएकी छन् ।

त्यस्तै, महाराष्ट्र राज्यको रायगढमा आज बिहान भएको यात्रीवाहक बस दुर्घटनामा १२ जनाको मृत्यु भएको छ भने २५ जना घाइते भएका छन् ।

४० जना यात्री लिएर पुणे शहरको पिम्पल गुरव क्षेत्रबाट गोरेगाउँतर्फ गइरहेको सरकारी स्वामित्वको उक्त बस आज बिहान ४ बजे खाल्डोमा खसेको स्थानीय प्रहरीले बताएको छ । प्रहरीका अनुसार बसमा ४० जनाभन्दा बढी सवार थिए । स्थानीय प्रशासन सहायताका निम्ति घटनास्थलमा जुटेको छ । रासस


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


### आजको राशिफल

| | |
|---|---|
| मेष – मनोरञ्जन | वृष – कर्मप्राप्ति |
| मिथुन – राज्यभय | कर्कट – वादविवाद |
| सिंह – यात्रालाभ | कन्या – शत्रुभय |
| तुला – चोरभय | वृश्चिक – भयचिन्ता |
| धनु – विजय | मकर – धनखति |
| कुम्भ – भाग्योदय | मीन – बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com




**मध्यपुर थिमिमा खटजात्रा**ः हरेक वर्ष मध्यपुर थिमिमा मनाइने बिस्काः जात्रा अन्तर्गत वैशाख २ गते शनिवार सुथसिया (बिहानको जात्रा) जात्रामा बालकुमारी मन्दिरमा खटजात्रा गर्दै स्थानीय । तस्वीरः रासस

# वैशाख ११ देखि खोप सप्ताह

काठमाडौं, २ वैशाख/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यही वैशाख ११ देखि १७ गतेसम्म खोप सप्ताह मनाउने भएको छ । मन्त्रालयले वैशाखलाई पूर्णखोप सुनिश्चित र प्रमाणीकरण महीनाका रूपमा मनाउने उद्देश्यले खोप सप्ताह मनाउन लागिएको हो ।

लगाउन छुटेका सबै बालबालिकालाई खोप लगाइ नेपालमा पूर्णखोप रहेको सुनिश्चित गर्नका लागि सप्ताह मनाउन लागेको स्वास्थ्य मन्त्रालय परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले जानकारी दिए । उनले सप्ताहमा लगाउन छुटेका सबै बालबालिकालाई खोप दिइने बताए । विभिन्न जिल्लामा खोप लगाउन छुटेका बालबालिकाको सङ्ख्या बढ्दै गइरहेकाले उनीहरूमा दादुरा, रूबेलालगायत महामारीको जोखिम बढ्न सक्ने भएकाले खोप सप्ताह अन्तर्गत वैशाखभरि सबै बालबालिकालाई खोप दिइने निर्देशक लालले बताए ।

वैशाख पहिलो हप्तादेखि विभिन्न माध्यमबाट १५ महीनासम्म लगाउनुपर्ने पूर्णखोपको जानकारी दिनुका साथै खोप लगाउन छुटेका बालबालिकाको पहिचान गर्ने, वैशाख १५ र ३१ गते दुई दिन नियमित अभियान सञ्चालन गरी खोप लगाइनेछ ।

यस्तै, वैशाख ६ र ७ गते भिटामिन 'ए' खुवाउने क्रममा पनि खोप लगाउन छुटेका बालबालिकाको सूची तयार पारिने परिवार कल्याण महाशाखाले जनाएको छ । खोप लगाउन छुटेका इँटाभट्टा, कलकारखानालगायत स्थानमा समुदायमा विशेष कार्यक्रम सञ्चालन गर्ने, यही वैशाख मसान्तभित्र सबै वडा, स्वास्थ्य संस्था राष्ट्रिय पूर्णखोप निर्देशिका अनुसार घरधुरी सर्वेक्षण, पालिका वडा खोप समन्वय समितिको बैठकलगायत क्रियाकलाप गरी सबै वडा तथा स्थानीय तह पूर्णखोप सुनिश्चित भएको प्रमाणीकरण गर्ने जनाइएको छ ।

आगामी शैक्षिकसत्रका लागि विद्यालयमा नयाँ भर्ना हुने पाँच वर्षमुनिका सबै बालबालिकाका लागि खोप कार्ड अनुगमन गर्नसमेत सबै विद्यालयमा जानकारी एवं समन्वय गरिने निर्देशक लालले बताए । स्थानीय तहस्तरमा बालबालिकाले पाउने विभिन्न सेवा, सुविधा वितरणमा खोपकार्य अनिवार्य गरिनेछ ।

महाशाखा निर्देशक डा लालले सबै स्थानीय तहलाई सामान्य प्रशासन मन्त्रालयमार्फत खोप सप्ताह सफल बनाउन लागि अनुरोध गरिएको जानकारी दिए ।

# निगमले भैरहवाबाट दिल्ली र क्वालालम्पुर उडान भर्दै

काठमाडौं, २ वैशाख/रासस

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले भैरहवाबाट भारतको नयाँ दिल्ली र मलेशियाको क्वालालम्पुरमा सीधा उडान सञ्चालन गर्ने भएको छ । भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट निगमले आगामी जेठ दोस्रो सातादेखि ती दुवै गन्तव्यमा नियमित उडानको तयारी गरेको हो ।

निगमका प्रवक्ता रमेश पौडेलका अनुसार भैरहवाबाट नयाँ दिल्ली र क्वालालम्पुर सीधा उडानका लागि प्रक्रिया शुरू गरिएको छ । त्यस प्रयोजनका निम्ति दुवै मुलुकसँग उडान अनुमतिको आवश्यक प्रक्रिया अगाडि बढाइएको हो । उनले जनशक्ति व्यवस्थापन, प्राविधिक तयारी, बजारीकरणलगायत कार्यलाई तीव्रता दिई कार्य प्रारम्भ गरिएको उल्लेख गरे ।

दुवै गन्तव्यमा सातामा कम्तीमा एक उडान हुने गरी प्रक्रिया अगाडि बढाइएको र बजारको माग अनुसार उडान बढाउँदै लगिने प्रवक्ता पौडेलले बताए । "दुई मुलुक र इनरूट पर्ने आवश्यक उडान अनुमतिका निवेदन दिइसकेका छौं, अनुमति आउनासाथ बुकिङ खुला गरिनेछ," उनले भने ।

भैरहवाबाट उडानका लागि निगमका वाणिज्य विभागका उपनिर्देशक सन्तोष पाण्डेको नेतृत्वमा स्पेशल टास्क फोर्स गठन गरिएको छ । निगमले हाल दुवै गन्तव्यमा काठमाडौंबाट भने नियमित उडान गरिरहेको छ । नेपालको विश्वप्रसिद्ध गौतमबुद्धको जन्मस्थल लुम्बिनीलाई जोड्ने गरी निगमको उडान सेवा शुरू भएपछि लुम्बिनी भ्रमणमा आउने बौद्धमार्गी यात्रीहरूलाई थप आकर्षित गर्न विशेष प्याकेजको व्यवस्था गरिने निगमले जनाएको छ ।

विसं २०७९ जेठ २ गतेदेखि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल व्यावसायिकरूपमा सञ्चालनमा आएको थियो । यो विमानस्थल भएर बौद्ध धमावलम्बीको बाहुल्यता भएका मुलुकहरू श्रीलङ्का, म्यानमा, थाइल्यान्ड, कम्बोडिया, भियतनाम, लाओसलगायत मुलुकमा हवाई सञ्जाल विस्तार गरी ती मुलुकबाट बढीभन्दा बढी पर्यटक आकर्षण हुने अपेक्षा गरिएको थियो ।

उक्त विमानस्थलबाट अहिले अन्तर्राष्ट्रियतर्फ कुवेतको जजीरा एयरले उडान भरिरहेको छ । हिमालय एयरलाइन्सले अघिल्लो वर्ष छोटो समय चार्टर्ड उडान गरेको थियो । भैरहवामा विभिन्न अन्तर्राष्ट्रिय एयरलाइन्सले उडानका लागि चासो देखाए पनि उडान सञ्चालन हुन सकेको छैन ।

# गोली लागेर पूर्वमन्त्री पुनकी आमा घाइते

काठमाडौं, २ वैशाख/रासस

काठमाडौंको गैरीधारामा गएराति गोली लागेर पूर्वमन्त्री वर्षमान पुनकी ७४ वर्षीया आमा तीर्थमाली पुन घाइते भएकी छन् ।

प्रहरी सहायक हवलदार प्रकाश पुन मगरको साथमा रहेको पेस्तोल पड्किएर गोली लाग्दा पुनकी आमा तीर्थमाली घाइते भएको काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक श्यामलाल ज्ञवालीले जानकारी दिए । प्रकाश नातामा तीर्थमालीका नाति भएको खुलेको छ । उनी नयाँ वर्ष मनाउन गएका बेला उक्त घटना घटेको ज्ञवालीले बताए ।

प्रकाशलाई नियन्त्रणमा लिई अनुसन्धान थालिएको छ । घाइते तीर्थमालीको ट्रमा सेन्टरमा उपचार भइरहेको छ । प्रकाश कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्कीका सुरक्षा गार्ड भएको बताइएको छ ।


### बहुदरमाई नगरपालिका कार्यालयके सूचना

२०८० वैशाख १ से ७ गतेतक देशभर व्यक्तिगत घटना दर्ता सप्ताह सञ्चालन होरहल बा । जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँसराइलगायत व्यक्तिगत घटना, घटना घटल ३५ दिनभितर आपन स्थायी ठेगाना आ घटना घटल स्थानके वडा कार्यालयमा जाके अनिवार्यरूप से दर्ता करी–कराई । विद्यालय भर्ना, सामाजिक भत्ता प्राप्त करे खातिर, राहदानी बनावे खातिर, नाबालक परिचयपत्र बनाए खातिर, बैंक खाता खोले तथा सरकार से प्राप्त होखेवाला अन्य सेवा लिए खातिर व्यक्तिगत घटना दर्ता आवश्यक भइला से आआपन वडा कार्यालयमा जाके दर्ता करावेके खातिर हार्दिक अनुरोध छ ।

**व्यक्तिगत घटना दर्ता करावल सब नागरिकके कर्तव्य ह।**

व्यक्तिगत घटना दर्ता सप्ताह वैशाख १ से ७ गतेतक देशभर । व्यक्तिगत घटना घटल ३५ दिनभितर व्यक्तिगत घटना दर्ता करी । जिम्मेवार नागरिकके परिचय दिइ ।

# जीराभवानीमा ३५ जना मोतीबिन्दुका रोगी भेटिए

प्रस, सेढवा, २ वैशाख/

जीराभवानी गाउँपालिकामा शनिवार निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ। न्यू सनलाइट युवा स्पोर्ट्स क्लब सुपौलीको आयोजना तथा माट्रिका आई फाउन्डेशन वीरगंजको सहयोगमा वडा नं ४ स्थित सुपौली स्वास्थ्य चौकीमा शिविर सम्पन्न भएको हो।


तस्वीरः प्रतीक

शिविरमा १५० जनाको आँखा चेकजाँच गरिएकामा ३५ जनामा मोतीबिन्दु देखिएको आयोजक संस्थाका सदस्य चक्रधारी चौधरीले बताए। मोतीबिन्दु भएकाहरूलाई निश्शुल्क शल्यक्रिया गरिने माट्रिका आई फाउन्डेशन वीरगंजका राजेश चौधरीले बताए। शिविरमा नेत्रविशेषज्ञ डा मनोरञ्जन यादव र डा सीमान्त खड्काले आँखा चेकजाँच गरेका थिए। आयोजक संस्थाका अध्यक्ष अरुण महतोको अध्यक्षता तथा वडाध्यक्ष राजेश्वर दासको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो।

# खेलकूदको संसार

## बौद्ध युवा क्लबले जित्यो एक लाख पुरस्कारको सेभेन ए साइड फूटबल

गलेश्वर, २ वैशाख/रासस

म्याग्दीको बेनीनगरपालिका–२ बगरफाँटमा आयोजना गरिएको रु एक लाख पुरस्कार राशिको प्रथम सेभेन ए साइड खुल्ला फूटबल बौद्ध युवा क्लब बेनी मङ्गलाघाटले जितेको छ।

नयाँ वर्ष २०८० को अवसर पारेर रिभरसाइड बगरफाँट युवा क्लबले आयोजना गरेको उक्त प्रतियोगिताको शुक्रवार साँझ भएको फाइनल खेलमा रिभरसाइड युवा क्लबलाई चारका विरुद्ध तीन गोलले पराजित गर्दै बौद्ध युवा क्लब विजेता बन्न सफल भएको हो।

चैत २८ गतेदेखि चार दिनसम्म सञ्चालन भएको उक्त प्रतियोगितामा म्याग्दी र पर्वतका गरी २२ टीम सहभागी भएका थिए। प्रतियोगितामा प्रथम हुने बौद्ध युवा क्लबले रु एक लाख नगद पुरस्कारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो भने उपविजेता बनेको रिभर साइड युवा क्लबले नगद रु ५० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र पायो।

# पिस फोर दलित्स फाउन्डेशन नेपालको कार्यालय उद्घाटन

प्रस, वीरगंज, २ वैशाख/

पिस फोर दलित्स फाउन्डेशन नेपालको कार्यालय सखुवाप्रसौनी गाउँपालिका–५, महुवनको दलितबस्तीमा उद्घाटन भएको छ।

अन्तर्राष्ट्रिय युवा समाजकी अध्यक्ष डा पियारतन महर्जनले कार्यक्रमको उद्घाटन गरेकी थिइन्।



तस्वीरः सौजन्य

विगत तीन वर्षदेखि मधेस प्रदेशका आठ जिल्लालगायत नेपालभरि कार्यक्षेत्र बनाइ कार्य गरिरहेको फाउन्डेशनले दलित समुदायको लागि शिक्षा, सशक्तीकरण, समानता, सामाजिक न्याय, स्वतन्त्रता तथा छुवाछूत अन्त्यको लागि विभिन्न कार्यक्रम गर्दै आएको कार्यक्रममा जानकारी गराइएको थियो।

कार्यक्रममा फाउन्डेशन नेपालका अध्यक्ष मनोज राम, दलित अधिकारकर्मी प्रोदीपरुद्र अधिकारी, औनुल अन्सारी, भारत, झारखण्डका सामाजिक अभियन्ता मनोज कुमार, सुवास श्रेष्ठलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण फाउन्डेशनका सचिव दीपेन्द्रकुमार रामले गरेका थिए।

# वडा नं १ का जनप्रतिनिधिहरूबीच आरोप–प्रत्यारोप

नितेश कर्ण, वीरगंज, २ वैशाख/

वीरगंज महानगरपालिका वडा नं १ बजार छपकैयाका जनप्रतिनिधिहरूलाई विवाद सल्टाउन वडावासीहरूले एक हप्ताको अल्टिमेटम दिएका छन्। वडामा जनप्रतिनिधिबीचको विवादले विकास निर्माण कार्य प्रभावित भएको भन्दै वडावासीहरूले एक साताको समय दिएर यो अवधिमा जनप्रतिनिधिहरूबीचको विवाद टुङ्गो नलागेको खण्डमा छुट्टै समिति बनाएर समस्याको निराकारण गर्ने चेतावनी दिएका छन्।


सार्वजनिक सुनवाइ कार्यक्रममा सहभागीहरू। तस्वीरः प्रतीक

वडाध्यक्ष मनोजराउत कुर्मीले शनिवार लक्ष्मीनारायण मन्दिरमा आयोजना गरेको वडा भेलामा स्थानीयहरूले आपसी विवाद हटाएर वडाको विकासमा ध्यान दिन दबाब दिएका थिए।

उनीहरूले विवाद सल्टिएन र वडामा विकासको काम नभए कडा आन्दोलनमा उत्रिने चेतावनी दिए।

स्थानीय विवेक गुप्ताले जनप्रतिनिधिहरूबीचको विवादले वडाको विकास प्रभावित भएको गुनासो गरे।

वडाध्यक्ष कुर्मीले आफूले नगरप्रमुख राजेशमान सिंहबाट असहयोग पाएको बताए। उनले विकासको नाममा हुने लूटतन्त्रमा आफू सहभागी नहुने र अरूलाई पनि सहभागी हुन नदिने चेतावनी दिए।

उनले वडा सदस्यहरूले भत्ता–कमिशनको लागि विवाद सिर्जना गरेको र आफूले त्यसो हुन नदिने बताए। म आफू पनि कमिशन खान्नँ र अरूलाई पनि खान दिन्नँ, वडाध्यक्ष कुर्मीको भनाइ छ। उनले स्थानीय भद्रभलाद्मीहरू सहभागी गराएर वडाको विकासको लागि छुट्टै विकास समिति गठन गर्ने र बजेट खर्च उनीहरूमार्फत गराउन आफू राजी रहेको बताए। वडाध्यक्ष कुर्मीले आफूले कसैको दबाबमा राजीनामा नदिने बताए। मेरो राजीनामा मागको षडयन्त्र भइरहेको छ तर मलाई मत दिने ८५० जनाले बाहेक अरूले राजीनामा मागेर राजीनामा दिन्नँ, उनले भने। मत दिने ८५० जनाले राजीनामा मागेको भोलिपल्ट राजीनामा दिन्छु, उनको भनाइ थियो।

वडा सदस्यहरूले भने वडाध्यक्षकै कारण विकासको वातावरण बिग्रिएको आरोप लगाए। उनीहरूले मनपरी किसिमले वडाध्यक्षले कार्यालय सजावटमा खर्च गरेको तर कार्यालयमा नबस्ने गरेको आरोप लगाए।

वडासदस्यहरूले वडाध्यक्षसँग संवादमार्फत विवाद टुङ्गो लगाएर वडाको विकासमा सहकार्य गर्ने बताएका थिए।

# प्रेस चौतारीको विस्तारित बैठक सम्पन्न

प्रस, रौतहट २ वैशाख/

प्रेस चौतारी नेपाल जिल्ला कार्यसमिति रौतहटको आयोजनामा मिशन ग्रासरूट अभियान अन्तर्गत विस्तारित बैठक शनिवार सम्पन्न भएको छ।

बैठकका प्रमुख अतिथि नेकपा एमालेका केन्द्रीय प्रतिनिधि अजयकुमार गुप्ताले मिशन ग्रासरूटबारे जानकारी गराउँदै प्रेस चौतारीलाई सुदृढ गराउन आफूले सक्दो सहयोग गर्ने बताए। नेकपा एमालेका विभिन्न भ्रातृ सङ्गठनलाई सङ्गठित गर्ने तथा सुदृढ गर्ने अभियान रहेको उनले बताए। मुलुकमा दक्षिणपन्थीहरू हाबी भएकाले ग्रासरूट अभियान अन्तर्गत सचेत गराउन अभियान प्रभावकारी भएको बताए।



तस्वीरः प्रतीक

प्रेस चौतारीका जिल्ला अध्यक्ष आदर्श उपाध्यायको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य केसी लामिछाने, मधेस प्रदेशका महासचिव श्याम बन्जारा, प्रेस चौतारीका मधेस प्रदेश इन्चार्ज कमल उपाध्याय, केन्द्रीय सदस्य अच्युत पौडेल, नेपाल पत्रकार महासङ्घ मधेस प्रदेश सदस्य शैलेन्द्र झा, प्रेस चौतारीका रौतहट इन्चार्ज रमेश तिमिल्सिना, सर्लाही इन्चार्ज सञ्जय मिश्र, मधेस प्रदेश महासचिव गौतम श्रेष्ठलगायतले सुझाव दिएका थिए। कार्यक्रममा प्रेस चौतारीका सदस्यहरूको सहभागिता थियो।

# वीरगंजका व्यक्तित्वहरू राष्ट्रपतिबाट सम्मानित

प्रस, वीरगंज २ वैशाख/

नेपाल सरकारको सुप्रबल जनसेवाश्री पदकबाट वीरगंजका उद्योगी, स्वास्थ्यकर्मीहरू सम्मानित भएका छन्।

राष्ट्रपति रामचन्द्र पौडेलले उद्योगी अशोककुमार बैद, सुबोधकुमार गुप्ता, दीपेन्द्रकुमार कलवार, वीरगंज हेल्थ केयर अस्पतालका सञ्चालक डा अबुल हैस अन्सारीलाई नेपाल सरकारको प्रबल जनसेवाश्रीबाट विभूषित गरेका हुन्।


तस्वीरः सौजन्य

यसैगरी, वीरगंजका स्वतन्त्रता सेनानी स्व मेघराज उपाध्यायलाई प्रसिद्ध प्रबल जनसेवाश्री र व्यवसायी मुरलीधर रूँगटालाई सुप्रबल जनसेवाश्रीबाट विभूषित गरिएको छ।

नारायणी अस्पतालकी नर्सिङ निरीक्षक हेमा थापा पनि जनसेवाश्री विभूषणबाट विभूषित भएकी छन्।

# कोइलाभार र आमोदेवीमा आन्तरिक पर्यटकको चहलपहल

बलिराम शुक्ल, बिरुवागुठी, २ वैशाख/

पर्सागढी नगरपालिकास्थित प्रसिद्ध धार्मिकस्थल कोइलाभारमाई र आमोदेवीस्थलमा नयाँ वर्ष २०८० मनाउन आन्तरिक पर्यटकहरूको चहलपहल देखिएको छ।

नयाँ वर्ष २०८० मनाउन आन्तरिक पर्यटकहरू वीरगंज, सिमरा, जीतपुरलगायत बारा–पर्साका ग्रामीण भेगका स्थानीयहरू पिकनिक तथा घूमघाम गर्न कोइलाभार र आमोदेवी आएका हुन्। कोइलाभार र आमोदेवी प्रसिद्ध धार्मिकस्थल रहेका र यो हरियाली सिमसार क्षेत्र भएको हुनाले आन्तरिक पर्यटकहरू पिकनिक तथा घूमघाम गर्न आउने गर्छन्।


तस्वीरः फाइल

## हात्तीको आक्रमणबाट वृद्धको मृत्यु

गोलबजार, २ वैशाख/रासस

सिराहामा जङ्गली हात्तीको आक्रमणबाट एक वृद्धको मृत्यु भएको छ। गोलबजार नगरपालिका–१ लमाडडामा गएराति नाच हेर्न गएका बेला हात्तीको आक्रमणबाट गोलबजार नगरपालिका–३ गोलामुक्सारका ७४ वर्षीय तुलबहादुर आलेमगरको ज्यान गएको हो।

नाच हेरेर फर्किने क्रममा गोलबजार नगरपालिका–१ गुलरियामा एक्कासि हात्ती देखिएपछि अन्य साथीहरू भागेको र तुलबहादुर भाग्न नसक्दा हात्तीको आक्रमणमा परेको वडा नं ३ का अध्यक्ष धनप्रसाद लामाले जानकारी दिए।

घटनालगत्तै पुगेको प्रहरी टोलीले हात्ती धपाएको इलाका प्रहरी कार्यालय, गोलबजारका प्रमुख प्रहरी निरीक्षक डुपेन्द्रप्रसाद बुडाथोकीले जानकारी दिए। शव परीक्षणका लागि प्रादेशिक अस्पताल लहान लगिएको छ।

वीरगंजका ...

पनि खोसिएको सोनालालकी आमा सरस्वती देवी बताउँछिन्।

मृतक सोनालालका पत्नी निभा देवी र १३ महीने छोरा आदित्य पटेल छन्।

यस विषयमा जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी उपरीक्षक कोमल शाहले घटनाबारे आफूलाई जानकारी भएको तर सूक्ष्म अनुसन्धानको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने आश्वासन दिएका छन्।

**यौन हिंसाबाट बचौं र बचाऔं।**

- यौनजन्य हिंसा सामाजिक अपराध हो।
- यस्तो हिंसा छिमेकी, आफन्त र नातेदारबाट समेत हुनसक्छ।
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं।
- उनीहरूको चालचलन, बानी व्यवहारमा अस्वभाविक परिवर्तन आएको हुनसक्छ।
- त्यस्तो पाइए तत्काल उनीहरूसँग कुरा गरौं।
- बालबालिकालाई कुनै समस्या भए मन मिल्ने साथी वा अभिभावकलाई बताऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

